# २६

# पहुँचबाहिर विपन्न वर्ग

**विमल गौतम**

सामुदायिक वन उपभोक्ता महासङ्घ गठन भएको १८ जेठमा आठ वर्ष पूरा भएको छ । सामुदायिक वन उपभोक्ता समूहमा आम सहभागिता बढाउने र उनीहरूको आत्मबल एवं आत्मनिर्भरता अभिवृद्धि गर्ने लक्ष्य लिएर २०५२ सालमा स्थापित महासङ्घले आठ वर्षको दौरानमा थुप्रै अनुभव सँगालेको छ ।

मुलुकभरका ८ हजारभन्दा बढी उपभोक्ता समूहहरूको छाता सङ्गठनको रूपमा रहेको महासङ्घ सामुदायिक वनको नीति निर्माणका क्षेत्रमा देखिएका समस्याप्रति चिन्तित छ। वन ऐन २०४९ र वन नियमावली २०५१ मा सामुदायिक वन अधिकार-सम्बन्धी आधारभूत कुराहरू समावेश गरिएको छ ।

ऐनमा व्यवस्था भए पनि व्यवहारमा लागू हुन नसक्नुले सामुदायिक वनको क्षेत्रको चुनौती थपिरहेको छ । त्यसो त, सामुदायिक वनसम्बन्धी ऐनमा कतिपय विषयलाई समेटिएको छैन । र, समेटिएका कतिपय महत्वपूर्ण सवालहरू पनि कार्यान्वयनमा छैनन् ।

सामुदायिक वनको सवालमा स्थानीय निकायको भूमिका के हो भन्ने विषय अस्पष्ट छ। सामुदायिक वन उपभोक्ता समूह र गाउँ विकास समिति एवं नगरपालिका-बीचमा कस्तो समन्वय कसरी गर्ने भनेर व्यवस्था गरिएको छैन। यो विषयमा न त स्थानीय स्वायत्त शासन ऐनमा व्यवस्था छ, न त वन ऐनमा नै ।

यस्तो अवस्था हुँदाहुँदै पनि कतिपय ठाउँमा दुवै पक्षले समन्वय गरेर काम गर्दैछन् । कानूनी अभावको वाबजुद पनि कतिपय ठाउँमा दुई पक्षबीच काम हुनु सकारात्मक पक्ष हो ।

सामुदायिक वन उपभोक्ताहरू आफ्नो अधिकारबारे अनभिज्ञ हुँदा पनि जटिल समस्या देखापरिरहेका छन् । गाउँका ठूलाबडा र टाठाबाठाले वन फँडानीसँगै आर्थिक हिनामिना गरेमा उपभोक्ता समूह आफैँले कारवाही गर्न सक्ने कानूनी अधिकार छ ।

*राजधानी* १९ जेठ २०६०, पृ. ५ मा प्रकाशित ।

तर त्यो अधिकारबारे उपभोक्ता समूहहरू अनभिज्ञ छन् । यो कुराको जानकारी नहुँदा उनीहरू कसैले बद्मासी गरेमा स्थानीय प्रशासनबाट सहयोग पाउँदैनन् । 'प्रशासनले जुन सहयोग गर्नुपर्ने हो, त्यो नगरी हामीले कारवाही गर्दैनौं, तपाईंहरू जे गर्नुहुन्छ गर्नुहोस्' भनेर कैयौँ ठाउँमा कैयौँपटक उजुरी फिर्ता पठाइदिएका तथ्याङ्क महासङ्घमा छन् ।

कानूनी अधिकार हुँदाहुँदै पनि प्रशासनको ढोका घच्घच्याउन पुग्नु र प्रशासनले बेवास्ता गरिदिनुजस्ता कारणले सामुदायिक वनमाथिको हस्तक्षेप रोकिएको छैन ।

मुलतः सामुदायिक वन भनेको गरिब र विपन्न वर्गका लागि हो । वनको नीति र कानूनको प्रस्तावनामा पनि यो कुरा लेखिएको छ । तर, उपभोक्ता समूहको विशेष कार्यक्रम हुनुपर्ने हो, त्यो राखिएको छैन । राखिए पनि यो कुरा प्राथमिकताभित्र परेको छैन । सामुदायिक वनका सङ्गठनकर्ताले राख्नुपर्छ भन्ने कुरालाई समूहमा लान सकेका छैनन् । विभिन्न परियोजना र सङ्घ/संस्थाले गरेको अध्ययनले पनि यो कुराको पुष्टि गरेको छ ।

त्यसो त, सामुदायिक वनका लागि वर्षेनी आउने बाह्य आर्थिक र प्राविधिक सहयोग पनि धेरै छ । उपभोक्ता समूहहरूको आम्दानी पनि प्रशस्त छ । तर, समुदायका गरिब तथा विपन्न वर्गका मनिसको यी दुवैखाले स्रोतमाथि पहुँच छैन । भए पनि अत्यन्तै न्यून छ ।

सामुदायिक वनबाट बढी आम्दानी हुने नमुना जिल्लाको रूपमा चितवनलाई लिन सकिन्छ । सो जिल्लामा मध्यवर्ती क्षेत्रबाहेकका वनहरूमा २०५९ सालभरिमा मात्र कम्तीमा २९ लाख २३ हजार चार सय तीन रुपियाँ आम्दानी भएको छ ।

सामुदायिक वनका लागि आउने बाह्य सहयोग पनि कम छैन । सामुदायिक वन उपभोक्ता महासङ्घले दिएको जानकारीअनुसार वार्षिक औसत दुई करोड चार लाख अमेरिकी डलर सामुदायिक वनका लागि प्राप्त हुन्छ । तर, गरिब र निमुखा जनताले अझै पनि सामुदायिक वनको बारेमा न जानकारी नै पाउँछन्, न उनीहरूको स्रोतमाथि नै पहुँच छ ।

सामुदायिक वन उपभोक्ता महासङ्घका कानून प्रशिक्षक एवं कानून शाखा प्रमुख दिलराज खनाल भन्नुहन्छ, "वन ऐन तथा नियमावलीमा सामुदायिक वनसम्बन्धी पर्याप्त व्यवस्था छन् । तर, कार्यान्वयन भने कछुवा गतिमा छ । ऐनमा व्यवस्था भएका कतिपय व्यवस्था कार्यान्वयनमा छैनन् ।"

उहाँका अनुसार ऐन-नियममा भएका अधिकार उपभोक्ता समूहले उपभोग गर्न पाएका छैनन् । सामुदायिक वन उपभोक्ता महासङ्घको विधानमा भएका उद्देश्य र कार्यप्रणालीलाई व्यवहारमा उतार्न महासङ्घले प्रयास गर्दै आएको छ । व्यवहारमा उतार्न महाधिवेशनहरूबाट अवधारणापत्र बनाउने गरिएको छ । विभिन्न मूल्य र मान्यता बनेका छन् र महासङ्घले विधानअनुसार वार्षिक योजना पनि बनाउँछ । महासङ्घले बेलाबेलामा निर्देशिका पनि बनाउने गरेको छ । तर, महासङ्घ पनि काम गर्दै सिक्दै जाने अवस्थामा छ । उसले पनि अनुभवको आधारमा काम गर्दैछ ।

"महासङ्घका नीतिगत दस्तावेज अपर्याप्त छैनन् । तर, तिनलाई व्यवहारमा उतार्न सोच्नुपर्ने अवस्था छ," कानून प्रशिक्षक खनालले *राजधानी*सित भन्नुभयो ।

नेपाली समाजमा हरेक क्षेत्रमा विकृति भएजस्तै सामुदायिक वनको क्षेत्रमा पनि केही समस्या छन् । वन कर्मचारी र कमिसनका भरमा वन पैदावार व्यापारमा लागेका व्यक्तिहरूले सरकारी कर्मचारीलाई प्रयोग गरेर समूहमा अनियमितताको जग नै बसालिदिएका छन् । खनालको अनुभवमा समूहका टाठाबाठा व्यक्तिहरू नै अवैध कार्यमा बढी सक्रिय देखिन्छन् । "महासङ्घले परिपत्र गरेर त्यस्ता व्यक्तिउपर कारवाही गर्नेभन्दा पनि तालिम र अन्तर्क्रियाको माध्यमबाट गल्ती गरेको रहेछु भन्ने महसुस हुनेगरी प्रकृया चालेको छ," खनालले भन्नुभयो ।

कतिपय जिल्लामा त्यस्ता कमजोरी हटाउन अभियान नै चलाइएका छन् । यस्ता अभियान दिगो हुने अपेक्षा महसङ्घको छ । उत्प्रेरणामा आधारित कामले गर्दा पहिले भ्रष्टाचार गर्दै हिँड्ने व्यक्तिहरू अहिले लाइनमा आएको पाइएका छन् ।

महासङ्घले सामुदायिक वनको विकासमा सरकार प्रशासनभन्दा सहजकर्ता र सहयोगी भइदियोस् भन्ने अपेक्षा लिएको छ । त्यसका लागि सरकारले आफ्ना कर्मचारीलाई सुशासनबारे सचेत बनाउनुपर्ने, गैरजिम्मेवार काम गर्नबाट रोक्ने जस्ता काम गर्नुपर्ने सुझाव महासङ्घले दिएको छ । राज्यको भूमिकामा समेत परिवर्तन आएकाले त्यस विषयमा सरकारी कर्मचारीलाई जानकारी दिइनुपर्ने सुझाव पनि महासङ्घको छ ।

सामुदायिक वनमाथि विभिन्न किसिमको अनियमितता गर्नेलाई अबका दिनमा प्रशासनले मात्र नभई, नागरिक समाजले पनि कारवाही गर्न सक्छ है भन्ने कुराको महसुस गराउन सक्नुपर्छ र त्यसमा प्रशासनले सहयोग पुऱ्याउनुपर्छ भन्ने अपेक्षा पनि महासङ्घले लिएको छ ।

महासङ्घले दिएको तथ्याङ्कअनुसार सामुदायिक वन फँडानी वा नोक्सानी गर्नेमा १५ वटा समूह चर्चित छन् । खासगरी भित्री मधेशका जिल्लाहरू मकवानपुर, सुर्खेत र इलाममा सबैभन्दा बढी आर्थिक अनियमितता भएका छन् । त्यहाँका कतिपय समूहले आर्थिक अनियमितता रोक्न अभियान नै चलाएका छन् । महासङ्घका अनुसार मुलुकका ७५ वटै जिल्लामा सामुदायिक वन छन् । अहिलेसम्म १२ हजार पाँच सय ६० उपभोक्ता समूह गठन भइसकेका छन् । नौ लाख ९७ हजार ७७ हेक्टर जमिन सामुदायिक वनमा परिणत भइसकेको छ । तराईमा भने सरकारले राष्ट्रिय वनकै रूपमा रहनुपर्छ भनेर सामुदायिक वन कम हस्तान्तरण गरेको छ ।

सामुदायिक वनबाट कच्चापदार्थ वा औषधीजन्य जडीबुटीहरू मनपरी हिसाबले वा आ-आफ्नै ढङ्गले व्यापार गर्ने प्रवृत्ति हाबी भइरहेको छ । त्यसबाट व्यक्तिविशेषले मात्र अधिक फाइदा लिने गरेका छन् । तर, उपभोक्ता समूहले नै त्यसको मूल्य बढाउने, प्रशोधन गरेर बिक्री गर्न सक्ने क्षमताको विकासमा सहयोग गर्नुपर्छ भने चाहना महासङ्घको छ । त्यस्तो भएमा स्थानीयस्तरमा रोजगारी बढ्ने र केही हदसम्म भए पनि गरिबी घट्ने सम्भावना रहन्छ । ♦